२.साफा प्रतिवद्धता विपरित मदिरा उत्पादन, ओसार पसार र अधिकारकर्मी, स्थानीय प्रशासन समेत रहेको जिल्ला बिक्रेताको मदिरा पसल नवीकरण

बाँकी १ पेजमा

# रामारोशन गाँउपालिका

## गाँउकार्यपालिकाको कार्यालय

शान्तडा ,अछाम

७ न.प्रदेश ,नेपाल

## संक्षिप्त सूचीको लागिआवेदन पेश गर्ने बारेको सूचना

(प्रथम पटक सुचना प्रकाशितमिति २०७५।०३।०३

नेपाल सरकार र फिनल्याण्ड सरकार बीच सम्पन्न द्विपक्षिय सम्झौता अनुसार यस गाउँपालिकामा कार्यरत ग्रामीण जलस्रोत ब्यवस्थापन परियोजना (Rural Village Water Resources Management Project - RVWRMP) को सहयोगमा सञ्चालित हुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा उपभोक्ता समुदायलाई प्राविधिक तथा सामाजिक परिचालनमा सहजीकरण गर्न सम्भावित सहयोगी संस्थाहरुको संक्षिप्त सूची तयार गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक गैह्रसरकारी संस्थाहरुबाट आवेदन आब्हान गरिएको छ ।

शर्तहरुः

१. आवेदनगर्ने संस्था संस्थादर्ता ऐन २०३५ बमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफामूलक "गैह्र सरकारी संस्था" को रुपमा दर्ता भई नियमानुसार नवीकरण भएको हुनुपर्नेछ र सम्वन्धित कर कार्यालयवाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ । आवेदन फाराम खरिद गर्दा यीकागजातहरु र आवेदन दस्तूर तिरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले समेत आवेदन गर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क बापत कुनै रकम भुक्तानी गर्नेछैन ।

२. आवेदन फारम रु. ३०००।०० (पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिका कार्यालय शान्तडा र परियोजनाको प्राविधिक सहयोग इकाई मंगलसेन अछाम र परियोजना सहयोग इकाई डडेल्धुरा वाट प्राप्तगर्न सकिनेछ । आवेदन दस्तूर गाउँकार्यपालिकाको खाता नं. ४२६०३०४०१८१०८ रा.वा.बैंक मंगलसेनमा दाखिलागर्नु पर्नेछ । आवेदन फाराम गाउँकार्यपालिकाको कार्यालय रामारोशन र परियोजनाको प्राविधिक सहयोग इकाई मंगलसेन अछाम मा बुझाउन सकिनेछ ।

३.आवेदन गर्ने संस्था ग्रामीण क्षेत्रमा जलस्रोत विकास (खानेपानी/सिंचाई/लघु जलविद्युत/सरसफाई) योजनाकार्यान्वयन (Scheme Implementation) वा अन्य सामुदायिक विकास कार्यमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

४. संक्षिप्त सूचीको लागि प्रतिस्पर्धा गर्न चाहने संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्यपालिकाको कार्यालयमा र परियोजनाको प्राविधिक सहयोग इकाई मंगलसेन अछाममा पेश गर्नुपर्नेछ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट आवेदन बुझाउन सकिनेछ ।

५. संक्षिप्त सूचीको लागि मूल्याङ्कन गर्दा परियोजनाको स्वीकृत निर्देशिका बमोजिम गरिनेछ र निर्धारित योग्यता हासिल गरेका संस्थाहरु मध्येबाट तीनवटा संस्थाहरुलाई प्राप्ताङ्कको योग्यताक्रमको आधार मा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।

६. संक्षिप्त सूचीमा पर्ने सफल संस्थाहरुको सूची गाउँकार्यपालिका कार्यालयको सूचना पाटी र परियोजना प्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।

७. रित नपुगी आएको वा म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कार्यवाही हुनेछैन ।

८. कुनै कारण जनाई वा नजनाई प्राप्त आवेदनहरु पूरै वा आँशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजना ब्यवस्थापन समितिमा रहेको छ ।

९. अन्य कुराहरु ग्रामीण जलश्रोत ब्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

१०. थप जानकारी यस कार्यालयवाट प्राप्तगर्न सकिनेछ ।

केशव राज शर्मा

नि.प्रमुख प्रशासकिय अधिकृत

**रामारोशन गाँउपालिका गाँउकार्यपालिको कार्यालय शान्तडा ,अछाम**

...प्रयोग गरौ ।•उमालेर •फिल्टर गरेर • क्लोरीन • झोल पियुस•